# मेरो घर अस्पताल (My Home Hospital) मा भर्ना भएपछि के हुन्छ?

## भर्ना

तपाईंलाई My Home Hospital मा तपाईंको हेरचाहको निरीक्षण गर्ने My Home Hospital को डाक्टरको अन्तर्गत रहने गरी भर्ना गरिनेछ।

## हेरचाह योजना

My Home Hospital को हेरचाह संयोजकहरू सबै अनुभवी नर्सहरू हुन् र तपाईं, तपाईंको हेरचाहकर्ता र स्वास्थ्य हेरचाह सेवा टोलीसँगको साझेदारीमा तपाईंको हेरचाह योजनाको ढाँचा तयार पार्नेछन्।

## घरमा पहिलो भेट

तपाईंको प्रारम्भिक हेरचाह प्रदान गर्न एक नर्स तपाईंको घरमा आउनेछन्। उनीहरूले तपाईंको गृह स्वास्थ्य प्रविधि पनि राखिदिनेछन्। र तपाईं (र तपाईंका प्रियजन वा हेरचाहकर्ता) लाई कसरी प्रयोग गर्ने भनेर देखाउनेछन्। यसमा 'टच-स्क्रिन ट्याब्लेट' र तपाईंको तापक्रम, रक्तचाप र पल्सजस्ता स्वास्थ्य जाँचहरू मापन र रेकर्ड गर्ने उपकरणहरू समावेश हुन्छन्।

## उपचार

My Home Hospital का नर्सहरू वा अन्य स्वास्थ्य हेरचाह सेवाका विज्ञहरु, जसमा डाक्टरहरू समावेश हुन सक्छन्, तपाईंलाई आवश्यक हेरचाह उपलब्ध गराउन दैनिकरूपमा तपाईंको घरमा आउनेछन्। सबै विरामी भेटहरु My Home Hospital हेरचाह संयोजकद्वारा समन्वय गरिनेछ।

## डिस्चार्ज

तपाईंको अवस्था सुधार भएपछि तपाईंका डाक्टरहरूले My Home Hospital बाट तपाईंको डिस्चार्जको बारेमा कुरा गर्न थाल्नेछन्।

## अर्को चरणहरु

My Home Hospital हेरचाह संयोजकले तपाईंको अघिपछिको स्वास्थ्य हेरचाह सेवा टोलीमा सहज परिवर्तन सुनिश्चित गर्न तपाईंको जी.पी. र अन्य हेरचाह प्रदायकहरूसँग काम गर्नेछ।

थप जानकारीको लागि सम्पर्क गर्नुहोस्:

यो वेबसाइट हेर्नुहोस्:
**myhomehospital.sa.gov.au**

वा हामीलाई फोन गर्नुहोस्
**1800 111 644**

My Home Hospital का बिरामीहरुको लागि:

**यदि तपाईंलाई चिन्ता छ वा तपाईंको अवस्था परिवर्तन भयो भने, My Home Hospital को तत्काल सहायता लाइनमा फोन गर्नुहोस्:**

**1800 000 644**

**मेडिकल आपतकालिन अवस्थामा, तीन शून्य (000) मा तुरुन्तै फोन गर्नुहोस्।**

Public - I1 - A1

BY NC ND
https://creativecommons.org/licenses

©SA Health, Government of South Australia.
सर्वाधिकार सुरक्षित।

FIS: 21012.1 छापिएको: सेप्टेम्बर 2021

Government of South Australia
SA Health

My Home Hospital

Nepali | नेपाली



**My Home Hospital सार्वजनिक अस्पताल सेवा हो जसले तपाईंलाई अस्पताल-स्तरको हेरचाह, तपाईंको आफ्नै घरको सहजता र गोपनीयतामा ल्याउँछ।**

Government of South Australia
SA Health

# My Home Hospital के हो?

My Home Hospital सार्वजनिक अस्पताल-स्तरको सेवा हो, जसले मानिसहरूलाई उनीहरूको आफ्नै घरको सहजता र गोपनीयतामा चिकित्सा सेवा प्रदान गर्दछ।

My Home Hospital का सेवाहरू:

- योग्य बिरामीहरूलाई दिनको 24 घण्टा, हप्ताको 7 दिन कुनै शुल्क बिना उपलब्ध छन्।
- घरमै हेरचाह सुरक्षित र उपयुक्त मानिने गम्भीर स्वास्थ्य अवस्थाहरूको लागि तपाईंलाई घरमै चिकित्सा हेरचाह प्रदान गर्न तयार गरिएको हो
- डाक्टरहरू, नर्सहरू, सम्बद्ध स्वास्थ्य चिकित्सकहरू, केही एक्स-रे र रगत परीक्षणहरू, औषधि र आवश्यक भएमा, अन्य सहयोग सेवाहरू जस्तै खाना र व्यक्तिगत हेरचाह हेरचाह उपलब्ध गराउँछ
- तपाईं र तपाईंको अघिपछिको स्वास्थ्य हेरचाह टोलीसँगको साझेदारीमा तयार गरिएको व्यक्तिगत हेरचाह योजनाहरू प्रदान गर्दछ

## के म My Home Hospital को लागि योग्य छु?

My Home Hospital को लागि योग्य हुन निम्न कुराहरू आवश्यक हुन्छ:

- ✓ आफ्नो सहमति दिनुपर्छ; तपाईंलाई घरमा उपचार गर्ने रोजाइ तपाईंको हो
- ✓ तपाईंको जीपी, विशेषज्ञ, नर्स सेवाकर्मी वा SA एम्बुलेन्स सेवा (SAAS), आपतकालीन विभाग वा अस्पतालबाट रिफर गरिएको हुनुपर्छ
- ✓ अस्पताल-स्तरको हेरचाह चाहिने अवस्था जसमा घरमा आधारित अस्पताल हेरचाह सुरक्षित र उपयुक्त हुन्छ
- ✓ एडिलेड महानगरीय क्षेत्रभित्र वा केही निश्चित उप-नगरीय क्षेत्रहरूमा बसेको हुनुपर्नेछ
- ✓ फोन गर्न र उठाउन मोबाइल फोन वा ल्यान्डलाइनमा पहुँच हुनुपर्नेछ
- ✓ आफ्नो लागि र सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरूका लागि सुरक्षित घर वातावरण भएको हुनुपर्नेछ

## मैले My Home Hospital सेवा कसरी चलाउन सक्छु?

यदि तपाईंलाई My Home Hospital मा रिफर गरिएको छ भने, एक हेरचाह संयोजकले तपाईंलाई माथि उल्लेख भएका कुराहरू सहित योग्यता मापदण्डहरू छलफल गर्न सम्पर्क गर्नेछ।

तपाईं, तपाईंका प्रियजनहरू वा हेरचाहकर्तामा हुनसक्ने कुनै पनि प्रश्नहरू सोध्ने अवसर पाउनुहुनेछ। आवश्यक भएमा, हेरचाह संयोजकले थप जानकारीको लागि रेफर गर्ने व्यक्तिलाई पनि सम्पर्क गर्नेछ।

हामीलाई चाहिने सबै जानकारी प्राप्त भएको ३० मिनेटभित्र My Home Hospital ले कि त तपाईंलाई सेवा दिन स्वीकार गर्नेछ र तपाईंको घरमा पहिलो पटक कहिले भेट्न आउँछ भन्ने जानकारी दिनेछ, वा वैकल्पिक व्यवस्थाबारे छलफल गर्न रेफर गर्ने व्यक्तिलाई सम्पर्क गर्नेछ।

## मैले My Home Hospital किन रोज्ने?

तपाईंले आफ्नै घरको सहज वातावरणमा हेरचाह प्राप्त गर्न र प्रियजनहरू र घरपालुवा जनावरहरूसँग बढी समय बिताउन सक्नुहुनेछ।

तपाईंले आफ्नै ओछ्यानमा सुत्न र तपाईंलाई मनपर्ने खाना खान पाउनुहुनेछ।

My Home Hospital दक्षिण अष्ट्रेलियाको सार्वजनिक अस्पताल हो र यसले चिकित्सकीय हेरचाह, बिरामीको सुरक्षा र तपाईंको व्यक्तिगत सूचनाको सुरक्षाको लागि विद्यमान उच्च मापदण्डहरू पूरा गर्दछ।

उपयुक्त अवसरमा प्रियजनहरू र साथीहरूले तपाईंलाई भेट्न आउन सक्छन्।

